# कनकाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

जमुनबारी झापा, प्रदेश नं. १, नेपाल

कनकाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय जमुनबारी, झापा १ नं. प्रदेश, नेपाल

## कनकाई नदी क्षेत्रको नदीजन्य पदार्थ ढुवानी गर्ने सवारी साधनबाट संकलन क्षेत्रमा लिईने सडक सुधार शुल्क सम्बन्धी

## बोलपत्र फाराम

**सम्झौता संकेत नं.: KANAKAI/IR/2079/80-09**

**जारी मिति: २०७९/०४/२३**

निमित्त
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

# बिषय-सूची (Table of Contents)


खण्ड १: बोलपत्र आह्वानको सूचना तथा जानकारी.......................................................3
खण्ड २: नदीजन्य पदार्थ संकलन, उत्खनन परिमाण तथा दररेट सम्बन्धी विवरण.................6
खण्ड ३ :सम्झौताका शर्तहरु.........................................................................................7
खण्ड ४: मूल्य सूची तालिका........................................................................................8
खण्ड ५: बोलपत्र तथा सम्झौता सम्बन्धी फारमहरु.........................................................9


निमित्त
प्रमुख प्रशासकीय अधिकृत

# कनकाई नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

जमुनबारीम झापा, प्रदेश नं. १, नेपाल
फोन: ०२३-४०११५५, इमेल: kanakai.mun@gmail.com

**नदीजन्य पदार्थ संकलन र विक्री तथा उक्त क्षेत्रमा लगाईने सडक सुधार शुल्क सम्बन्धी आन्तरिक आयको**

## शिलबन्दी बोलपत्र आह्वानको सूचना

सूचना प्रकाशित मिति: २०७९/०४/२३

१. यस कनकाई नगरपालिकाको आन्तरिक आय संकलन गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४, आन्तरिक आयको ठेक्का बन्दोबस्त सम्बन्धी कार्यविधि २०७५ "ढुङ्गा, गिटी बालुवा उत्खनन, बिक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७" तथा मिति: २०७९/०४/२२ गतेको कार्यपालिका बैठकको निर्णयानुसार बोलपत्रको मध्यमबाट योग्य फर्म/कम्पनी छनौट गर्नुपर्ने भएको हुनाले तपसिल कार्यको लागि इच्छुक सम्पूर्ण कम्पनी/फर्मको जानकारीको लागि बोलपत्र आह्वानको सूचना प्रकशित गरिएकोछ। बोलपत्र सम्बन्धी मुख्य विवरण तपशिल बमोजिम हुनेछ:

| क्र. स. | सम्झौता संकेत नं.: | कार्य तथा अन्तरिक आय संकलन क्षेत्र | आ.व. २०७८/७९ को लागि न्यूनतम रकम | बोलपत्र पेश गर्ने अन्तिम मिति तथा समय | बोलपत्र जमानत रकम (बैंक जमानत वा धरौटी खातामा नगद जम्मा) |
|---|---|---|---|---|---|
| १. | KANAKAI/ IR/2079/80-08 | कनकाई नगरपालिकाकले तोकिदिएको क्षेत्र (कनकाई नदी) भित्र IEE प्रतिवेदन अनुसार तोकिएको परिमाण र प्रदेश सरकारबाट तोकिएको दर रेट बमोजिमको नदीजन्य सामाग्री (पदार्थ) संकलन तथा बिक्री | रु. १६,७१,१२५ | ७ भाद्र २०७९, मध्यान्ह १२:०० बजे | कबोल रकमको न्यूनतम ५ प्रतिशत |
| २. | KANAKAI/ IR/2079/80-09 | कनकाई नदी क्षेत्रको नदीजन्य पदार्थ ढुवानी गर्ने सवारी साधनबाट संकलन क्षेत्रमा लिईने सडक सुधार शुल्क | रु. ३,७८,००० | ७ भाद्र २०७९, मध्यान्ह १२:०० बजे | कबोल रकमको न्यूनतम ५ प्रतिशत |

**तपशिलः**

२. बोलपत्र पेश गर्न इच्छुक बोलपत्रदाताहरुले सूचना प्रकाशित भएको मितिबाट मिति: २०७९ साल भाद्र ६ गते कार्यालय समय भित्र प्रत्येक कार्यको लागि **रु. १,०००/००** (फिर्ता नहुने गरि) दस्तुर तिरी फर्म/संस्था दर्ता प्रमाणपत्र र मू.अ.कर/स्थायी लेखा नं. दर्ता प्रमाणपत्रको प्रतिलिपि सहित लिखित निवेदन पेश गरि यस नगरपालिकाको कार्यालयबाट बोलपत्र सम्बन्धी कागजात खरिद गर्न सकिनेछ।

३. पेश गर्न इच्छुक बोलपत्रदाताले थप जानकारी लिन यस नगरपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

४. बोलपत्र कागजातको शुल्क (बोलपत्र दस्तुर) यस नगरपालिकाको नाममा नेपाल बैंक लिमिटेड, सुरुङ्गा, राजस्व खाता नं.: १४७०३०००००१००१००००००१ मा जम्मा गर्नुपर्नेछ र जम्मा गरेको सक्कल भौचर निवेदन साथ पेश गर्नुपर्नेछ।

५. इच्छुक बोलपत्रदाताले माथि उल्लेखित मिति र समय भित्र यस नगरपालिकाको कार्यालयमा बोलपत्र पेश गर्नुपर्नेछ।

६. तोकिएको मिति र समय भित्र प्राप्त भएका बोलपत्र सोहि दिनको **अपरान्ह १२:३० बजे** उपस्थित हुन चाहने बोलपत्रदाताका प्रतिनिधिहरुको रोहवरमा यस नगरपालिकाको कार्यालयमा खोलिनेछ तर बोलपत्रदाताका प्रतिनिधिको उपस्थिति नभए पनि प्रप्त भएका बोलपत्रहरु खोल्न कुनै बाधा पर्नेछैन।

निमित्त
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

# कनकाई नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

जमुनबारीम झापा, प्रदेश नं. १, नेपाल
फोन: ०२३-४०११५५, इमेल: kanakai.mun@gmail.com

**नदीजन्य पदार्थ संकलन र विक्री तथा उक्त क्षेत्रमा लगाईने सडक सुधार शुल्क सम्बन्धी आन्तरिक आयको**

## शिलबन्दी बोलपत्र आह्वानको सूचना

सूचना प्रकाशित मिति: २०७९/०४/२३

१. यस कनकाई नगरपालिकाको आन्तरिक आय संकलन गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४, आन्तरिक आयको ठेक्का बन्दोबस्त सम्बन्धी कार्यविधि २०७५ "ढुङ्गा, गिटी बालुवा उत्खनन, बिक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७" तथा मिति: २०७९/०४/२२ गतेको कार्यपालिका बैठकको निर्णयानुसार बोलपत्रको मध्यमबाट योग्य फर्म/कम्पनी छनौट गर्नुपर्ने भएको हुनाले तपसिल कार्यको लागि इच्छुक सम्पूर्ण कम्पनी/फर्मको जानकारीको लागि बोलपत्र आह्वानको सूचना प्रकशित गरिएकोछ। बोलपत्र सम्बन्धी मूख्य विवरण तपशिल बमोजिम हुनेछ:

| क्र. स. | सम्झौता संकेत नं.: | कार्य तथा अन्तरिक आय संकलन क्षेत्र | आ.व. २०७८/७९ को लागि न्यूनतम रकम | बोलपत्र पेश गर्ने अन्तिम मिति तथा समय | बोलपत्र जमानत रकम (बैंक जमानत वा धरौटी खातामा नगद जम्मा) |
|---|---|---|---|---|---|
| १. | KANAKAI/ IR/2079/80-08 | कनकाई नगरपालिकाले तोकिदिएको क्षेत्र (कनकाई नदी) भित्र IEE प्रतिवेदन अनुसार तोकिएको परिमाण र प्रदेश सरकारबाट तोकिएको दर रेट बमोजिमको नदीजन्य सामाग्री (पदार्थ) संकलन तथा बिक्री | रु. १६,७१,१२५ | ७ भाद्र २०७९, मध्यान्ह १२:०० बजे | कबोल रकमको न्यूनतम ५ प्रतिशत |
| २. | KANAKAI/ IR/2079/80-09 | कनकाई नदी क्षेत्रको नदीजन्य पदार्थ ढुवानी गर्ने सवारी साधनबाट संकलन क्षेत्रमा लिईने सडक सुधार शुल्क | रु. ३,७८,००० | ७ भाद्र २०७९, मध्यान्ह १२:०० बजे | कबोल रकमको न्यूनतम ५ प्रतिशत |

**तपशिलः**

२. बोलपत्र पेश गर्न इच्छुक बोलपत्रदाताहरुले सूचना प्रकाशित भएको मितिबाट मिति: २०७९ साल भाद्र ६ गते कार्यालय समय भित्र प्रत्येक कार्यको लागि **रु. १,०००/००** (फिर्ता नहुने गरि) दस्तुर तिरी फर्म/संस्था दर्ता प्रमाणपत्र र मू.अ.कर/स्थायी लेखा नं. दर्ता प्रमाणपत्रको प्रतिलिपि सहित लिखित निवेदन पेश गरि यस नगरपालिकाको कार्यालयबाट बोलपत्र सम्बन्धी कागजात खरिद गर्न सकिनेछ।

३. पेश गर्न इच्छुक बोलपत्रदाताले थप जानकारी लिन यस नगरपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

४. बोलपत्र कागजातको शुल्क (बोलपत्र दस्तुर) यस नगरपालिकाको नाममा नेपाल बैंक लिमिटेड, सुरुङ्गा, राजस्व खाता नं.: १४७०३०००००१००१००००००१ मा जम्मा गर्नुपर्नेछ र जम्मा गरेको सक्कल भौचर निवेदन साथ पेश गर्नुपर्नेछ।

५. इच्छुक बोलपत्रदाताले माथि उल्लेखित मिति र समय भित्र यस नगरपालिकाको कार्यालयमा बोलपत्र पेश गर्नुपर्नेछ।

६. तोकिएको मिति र समय भित्र प्राप्त भएका बोलपत्र सोहि दिनको **अपरान्ह १२:३० बजे** उपस्थित हुन चाहने बोलपत्रदाताका प्रतिनिधिहरुको रोहवरमा यस नगरपालिकाको कार्यालयमा खोलिनेछ तर बोलपत्रदाताका प्रतिनिधिको उपस्थिति नभए पनि प्रप्त भएका बोलपत्रहरु खोल्न कुनै बाधा पर्नेछैन।

निमित्त
प्रमुख प्रशासकीय अधिकृत

७. बोलपत्रको मान्य हुने अवधि बोलपत्र खोलिएको दिनदेखि गणना हुने गरि ४५ दिन सम्मको लागि हुनेछ ।

८. बोलपत्रसाथ माथिको तालिकामा उल्लेख भए बमोजिम बोलपत्र जमानत पेश गर्नु पर्नेछ र उक्त बोलपत्र जमानतको मान्य हुने अवधि बोलपत्रको मान्य हुने अवधि भन्दा कम्तिमा ३० दिन बढी अर्थात् कम्तिमा मिति: **२०७९ कार्तिक १९** गते सम्मको हुनुपर्नेछ ।

९. बोलपत्रदाताले बोलपत्र जमानत बापत नगदै राख्न चाहेमा यस नगरपालिकाको नाममा नेपाल बैंक लिमिटेड, सुरुङ्गा शाखामा रहेको धरौटी खाता नं.: १४७०३०००००३००००००००१ मा जम्मा गरी बुझिने गरी सक्कल भौचर शिलबन्दी बोलपत्र साथ पेश गर्नुपर्नेछ।

१०. एक बोलपत्रदाताले एक्लै वा संयुक्त उपक्रमको रुपमा एउटा मात्र बोलपत्र पेश गर्न पाउनेछ । कुनै बोलपत्रदाताले एक भन्दा बढी बोलपत्र पेश गरेको अवस्थामा त्यस्तो बोलपत्रहरु मान्य हुनेछैन।

११. बोलपत्र फारम जसको नाममा खरिद गरिएको हो सोही कम्पनी/फर्मको नाममा बोलपत्र पेश गर्नुपर्नेछ ।

१२. नेपाल सरकार, सार्वजनिक खरिद अनुगमन कार्यालय वा अन्य कुनै दातृ संस्थाको सहयोगमा संचालित आयोजनाको हकमा त्यस्तो दातृ संस्थाबाट कुनै बोलपत्रदातालाई कालोसूचीमा राखी बोलपत्र पेश गर्न अयोग्य ठहर भएको भए त्यस्ता बोलपत्रदातालाई नेपाल सरकार, सार्वजनिक खरिद अनुगमन कार्यालय वा अन्य कुनै दातृ संस्थाबाट कालोसूचीमा राख्न घोषित अवधिसम्म बोलपत्र पेश गर्न ग्राह्य हुनेछैन।

१३. बोलपत्र तयारी तथा यस प्रक्रियामा सहभागी हुनुपूर्व कार्यस्थलको सम्पूर्ण जानकारी प्राप्त गर्न बोलपत्रदाताले आफ्नै खर्च, जिम्मेवारी र जोखिममा स्थलगत निरीक्षण गर्न सक्नेछ ।

१४. बोलपत्रसंग सम्बन्धित सम्पूर्ण कागजातहरु नेपाली वा अंग्रेजी भाषामा हुनेछन ।

१५. **बोलपत्र सम्बन्धी कागजातमा रहेका कुनै बिषयमा स्पष्ट हुन चाहने इच्छुक बोलपत्रदाताले बोलपत्र पेश गर्नुपर्ने अन्तिम मिति भन्दा पाँच दिन अगावै नगरपालिकामा सम्पर्क गरि प्रष्टीकरण प्राप्त गर्न सक्नेछन ।**

१६. बोलपत्रदाताले पेश गर्ने शिलबन्दी बोलपत्रमा निम्न कागजातहरु संलग्न गर्नुपर्नेछ::

क. **बोलपत्र दाखिला पत्र (Letter of Bid) सहितको बोलपत्र कागजात (Bid Document)**

ख. **कानूनी ग्राह्यता सम्बन्धी कागजातहरु:**

- **सम्बन्धित क्षेत्रमा कार्य गर्ने गरी स्थापना भएको संस्था (फर्म/कम्पनी) दर्ता प्रमाणपत्र (प्रतिलिपि पेश गर्नुपर्ने, उद्येश्य खुल्ने कागजातको प्रतिलिपि समेत)**
- **उल्लेखित कार्य गर्न इजाजत आवश्यक पर्ने भए सम्बन्धित निकायबाट जारी इजाजत पत्र**
- **स्थायी लेखा (PAN) तथा मू.अ.कर (VAT) दर्ता प्रमाणपत्र**
- **आ.व. २०७७/७८ को कर चुक्ता प्रमाणपत्र**

ग. **बोलपत्र जमानत (नगद जम्मा वा बैंक जमानत)**

घ. **अख्तियारी पत्र (बोलपत्रमा संचालक बहेको हस्ताक्षर भएमा)**

ङ. **अंकित मूल्य सूची (कबोल रकम)**

१७. बोलपत्र टाइप गरिएको वा नमेटिने मसीले लेखिएको र अधिकार प्राप्त व्यक्तिले हस्ताक्षर गरेको हुनुपर्नेछ । कुनै थपघट, फेरबदल, केरमेट गरिएको वा सच्याइएको स्थानमा सोहि व्यक्तिले हस्ताक्षर गरेको हुनुपर्नेछ ।

१८. बोलपत्रदाताले आफुले पेश गरेको बोलपत्र फिर्ता लिन वा संशोधन गर्न सक्ने छैनन् ।



निमित्त
प्रमुख प्रशासकीय अधिकृत

१९. पेश भएका बोलपत्रको पूर्णता, ग्राह्यता तथा कबोल रकमको मूल्यांकन गरि सबै भन्दा बढी रकम कबोल गर्ने सारभूत रुपमा प्रभावग्राही बोलपत्र छनौट गरिनेछ ।

२०. बोलपत्रदाताले बोलपत्र फारममा आफुले कवोल गरेको रकम् अंक र अक्षर प्रष्ट हुने गरी उल्लेख गर्नुपर्नेछ । कबोल रकमको अंक र अक्षरमा रकम फरक परेमा अक्षरमा लेखिएको रकमलाई आधार मानी कूल कबोल रकम गणना गरिनेछ।

२१. सम्झौता गर्नुअघि कुनै पनि समयमा कारण खुलाई वा नखुलाई कुनैपनि बोलपत्र स्वीकार वा अस्वीकार गर्ने वा बोलपत्रको प्रक्रिया रद्ध गर्ने वा सम्पूर्ण बोलपत्र अस्वीकार गर्ने अधिकार नगरपालिका निहित रहनेछ। यसरि रद्ध वा अस्वीकार गर्दा बोलपत्रदताप्रति नगरपालिकाको कुनै दायित्व रहनेछैन।

२२. नगरपालिकाले बोलपत्र स्वीकृतिको जानकारी **"स्वीकृतिपत्र वा "बोलपत्र स्वीकृतिको सूचना"** मार्फत स्वीकृत वा छनौट भएको बोलपत्रदातालाई र अन्य सबै सहभागी बोलपत्रदाताहरुलाई पत्र वा इमेल वा सार्वजनिक सूचना मार्फत गराउनेछ ।

२३. उक्त सूचना जारी भएको मितिले **सात** दिन भित्र कबोल रकमको कम्तिमा १०% रकम (बैंक जमानत वा नगरपालिकाको धरौटी खातामा नगद जम्मा) पेश गरि सम्झौता गर्नुपर्नेछ । उक्त जमानतको मान्य हुने अवधि सम्झौता अवधि भन्दा कम्तिमा ३० दिन बढी सम्मको हुनुपर्नेछ। नगद जम्मा भएको जमानत रकम अन्तिम किस्ता रकममा मिलन गर्न सकिनेछ। उल्लेखित अवधी भित्र कार्यसम्पादन जमानत पेश गरि सम्झौता नगरेमा पेश भएको बोलपत्र जमानत जफत गरी कालो सूचीमा राखिनेछ।

२४. सम्झौता पूर्व कबोल रकम नगरपालिकामा एकमुष्ट बुझाएमा कवोल रकमको १० प्रतिशत छुट प्रदान गर्न सकिनेछ। यस्तो अवस्थामा कार्यसम्पादन जमानत आवश्यक पर्नेछैन। सम्झौता भए पश्चात कार्यदिश वा चलानपूर्जि जारी भए पश्चात सम्झौता प्रारम्भ भएको मानिनेछ ।

२५. प्रस्तावित कार्यको निमित्त छनौट भएको बोलपत्रदाता बोलपत्र प्रक्रियाको प्रतिस्पर्धामा सहभागी हुँदा कुनै किसिमको भ्रष्टाचार वा जालसाजीजन्य कार्यमा संलग्न भएको ठहरिएमा वा नगरपालिकालाई रकम बुझाउनु बाँकी बक्यौता भएको ठहरिएमा नगरपालिकाले त्यस्तो बोलपत्रदातासँग खरिद सम्झौता गर्न अस्विकार गर्नेछ।

२६. अन्य व्यावस्था प्रचलित कानून बमोजिम हुनेछ।

निमित्त
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

## खण्ड २: नदीजन्य पदार्थ संकलन, उत्खनन परिमाण तथा दररेट सम्बन्धी विवरण

क) परिमाण

छनौट भएको बोलपत्रदाताले देहायको ४ स्थानबाट तोकिए बमोजिमको परिमाणमा मात्र कनकाई नदीबाट नदीजन्य पदार्थ संकलन तथा उत्खनन गर्न पाउने छ । उल्लेखित व्यवस्था विपरित संकलन गरेको पाईएमा नियमानुसार कारबाही गरिने छ ।

| क्र.स. | स्थान | बार्षिक निकाल्न सकिने घ.मि | विवरण | | कैफियत |
|---|---|---|---|---|---|
| | | | बालुवा | गिट्टी | |
| १ | कन्काई नदिको पुलबाट ५१० मि. दक्षिण, माई भगवती मन्दीर (नवज्योती टोल) बाट ५१७ मि. पश्चिम | ७८३७.०७ | ६०५३.०५ | १७८४.०२ | |
| | | | | | |

ख) दररेट

छनौट भएको बोलपत्रदाताले देहायको दर रेटमा शुल्क लिनु पर्नेछ । तपशिलमा उल्लेख भए भन्दा बढी दरमा शुल्क लिन पाइने छैन। उल्लेखित दर रेट भन्दा बढी शुल्क लिएको पाईएमा नियमानुसार कारबाही गरिने छ।

| सि.नं. | विवरण | दररेट रु (प्रति घन फिट) |
|---|---|---|
| 1 | ढुङ्गा, गिट्टि | ६ |
| २ | बालुवा | ४.७५ |

नोटः उपरोक्त दर रेटमा १३ प्रतिशत मूल्य अभिबृद्धि कर समावेश भएको छैन ।

ग. दररेट (सवारी साधन)

छनौट भएको बोलपत्रदाताले देहायको दर रेटमा सडक सुधार शुल्क कनकाई नदीबाट नदीजन्य पदार्थ ढुवानी गर्ने सवारी साधनहरुबाट मात्र लिनु पर्नेछ । तपशिलमा उल्लेख भए भन्दा बढी दरमा शुल्क लिन पाइने छैन। उल्लेखित दर रेट भन्दा बढी शुल्क लिएको पाईएमा नियमानुसार कारबाही गरिने छ।

| सि.नं. | विवरण | दररेट रु (प्रति घन फिट) |
|---|---|---|
| 1 | ट्याक्टर | १००।- |
| २ | टिपर (सानो) | १५०।- |
| ३ | टिपर (ठुलो) | २००।- |

नोटः उपरोक्त दर रेटमा १३ प्रतिशत मूल्य अभिबृद्धि कर समावेश भएको छ।

निमित्त
प्रमुख प्रशासकीय अधिकृत

## खण्ड ३: सम्झौताका शर्तहरु

१. सम्झौता बमोजिमका कार्य प्रगति विवरण छनौट भएको व्यावसायीले अध्यावधिक रुपमा राख्नु पर्नेछ।
२. सम्झौता कार्यन्वयनको शिलशिलामा प्रचलित ऐन नियमानुसार बुझाउनु पर्ने सबै प्रकारका कर, दस्तुर, शुल्क आदि सबै व्यवसायी स्वयंले सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ ।
३. किस्ताबन्दी रुपमा रकम बुझाउदा व्यवसायीले आफुले कबोल गरेको कुल रकम बढीमा ३ (तीन) किस्तामा बुझाउनु पर्नेछ । पहिलो किस्ता कुल सम्झौता रकमको कम्तिमा ५० प्रतिशत रकम सम्झौता पश्चात कार्य प्रारम्भ गर्नु अगावै बुझाउनु पर्नेछ । दोस्रो किस्ता कुल सम्झौता रकमको कम्तिमा ३० प्रतिशत रकम मंसिर मसान्त र अन्तिम किस्ता सम्झौता बमोजिमको बाँकि रकम चैत्र मसान्त भित्रमा बुझाउनु पर्नेछ ।
४. किस्ता रकम निर्धारित समय भित्र बुझाउनु पर्नेछ । म्याद भित्र रकम नबुझाएमा नगरपालिकालाई बुझाउन बाँकि रकमको प्रतिदिन ०.०५ प्रतिशतका हुन आउने रकम पूर्वनिर्धारित क्षतिपूर्ति बुझाउनु पर्नेछ । पूर्वनिर्धारित क्षतिपूर्ति रकम नगरपालिकालाई बुझाउन बाँकि रकमको १०% भन्दा बढी हुने अवस्था भएमा सम्झौता अन्त्य गरि कार्यसम्पादन जमानतबाट असुल गरि कालो सूचीमा राखिनेछ।
५. सम्झौता अवधि भर व्यवसायीले ठेक्का सम्झौता तोड्न वा अन्त्य गर्न पाउने छैन। व्यवसायीले बिचैमा ठेक्का सम्झौता तोडेमा निजबाट असुल हुन बाँकी रकममा १० प्रतिशत ब्याज सहित जोडी असूल उपर गरिनेछ र त्यस्तो फर्मलाई कालो सूचीमा समेत राखिनेछ।
६. ठेक्का सम्झौता अवधि नगरपालिका र व्यवसायी बिच सम्झौता भए पश्चात लागु भई २०८० साल जेष्ठ मसान्त सम्म कायम रहने छ। IEE मा उल्लेखित परिमाणको नदीजन्य सामग्री संकलन गरी सकेको प्राविधिक मूल्याङ्कन प्रतिवेदनको आधारमा पुष्टि भएमा उक्त समयावधि भन्दा अगावै सम्झौता अन्त्य भएको मानिनेछ ।
७. नदी क्षेत्रको नदीजन्य पदार्थ ढुवानी गर्ने सवारी साधनबाट संकलन क्षेत्रमा लिईने सडक सुधार शुल्क सम्बन्धित संकलन क्षेत्रमा मात्रै उठाउन पाइनेछ ।
८. उल्लेखित नदी बाहेक अन्यबाट ढुवानी गर्ने सवारी साधन तथा अन्य प्रयोजनमा प्रयोग हुने सवारी साधनबाट सडक सुधार शुल्क संकलन गर्न पाइने छैन ।
९. सडक सुधार शुल्क उठाउन राजमार्ग तथा सडक क्षेत्रमा कुनै ढाट तथा अवरोध राख्न पाइने छैन ।
१०. कुनै कारणबस कर संकलन गर्न बाधा परेको कारणबाट कुनै पनि छुट मिनाहा दावी गर्न पाइने छैन साथै त्यस्तो छुट मिनाहा दिन कार्यालय बाध्य हुने छैन ।
११. शुल्क नगरपालिकाको प्रचलित आर्थिक ऐनमा उल्लेख भएको दर भन्दा बढी उठाउन पाइने छैन । तोकिएको दर भन्दा बढी वा तोकिएका ढुवानी साधन भन्दा अन्य सवारी साधनबाट उठाएको पाइएमा नियमानुसार कारवाही गरिनेछ ।
१२. सडक सुधार शुल्कको दर रेट सम्बन्धी विस्तृत विवरण सम्झौतासाथ संलग्न गरी उपलब्ध गराईनेछ।
१३. ठेक्का सम्बन्धी रसिदहरु छनौट भएको व्यावसायीले छपाई गरि नगरपालिकाबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ । प्रमाणित नगरेको रसिदबाट शुल्क उठाएको पाइएमा नियमानुसार कारवाही गरिने छ ।
१४. उल्लेख भएका बाहेक अन्य व्यावस्था प्रचलित कानून बमोजिम हुनेछ ।

निमित्त
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

# खण्ड ४: मूल्य सूची तालिका (कबोल रकम)

| क्र.सं. | विवरण | कबोल रकम (नेपाली रुपैयाँ) | |
|---|---|---|---|
| | | अंकमा | अक्षरमा |
| १ | कनकाई नदी क्षेत्रको नदीजन्य पदार्थ ढुवानी गर्ने सवारी साधनबाट संकलन क्षेत्रमा लिईने सडक सुधार शुल्क | रु. | रु. |

बोलपत्र दाता (संस्था) को नाम:

ठेगाना:

अख्तियारी प्राप्त व्यक्तिको नाम:

अख्तियारी प्राप्त व्यक्तिको हस्ताक्षर:

सम्पर्क नं.:

इमेल ठेगाना:

संस्थाको छाप

निमित्त
प्रमुख प्रशासकीय अधिकृत